(कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)

# घलेम्दी हाईड्रो लिमिटेड

का.म.न.पा. वडा नं. १६, काठमाण्डौ
फोन नं. : फ्याक्स नं. : ०१-५९०२५२०
Email: ghalemdi@gmail.com, Website: www.ghalemdi.com

## नवौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/१२/२४

आदरणीय शेयरधनी महानुभावहरु,

यस घलेम्दी हाईड्रो लिमिटेडको मिति २०७९/१२/२३ गते दिनको ४:०० बजे बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको नवौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरीएको छ।

**सभा हुने मिति, समय र स्थानः**

**मिति : २०८० साल बैशाख १६ गते (२९ अप्रिल २०२३) ।**
**समय : बिहान १०:३० बजे ।**
**स्थान : सासा ब्याङ्केट, नयाँवजार, काठमाण्डौ ।**

**छलफलका विषयहरु**

**१. सामान्य प्रस्तावहरुः**

क) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

ख) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/०७९ को वासलात,नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सो सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

ग) कम्पनी ऐन २०६३,को दफा १११ बमोजिम आ.व. २०७९/०८० को लेखापरीक्षण कार्यको लागि लेखापरिक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

घ) विविधः

**२) विशेष प्रस्तावः**

क. कम्पनीको १ः२ हकप्रद सेयर निस्काशन गरी छुजुङ्ग खोला जलविद्युत आयोजनामा ६३ मे. वा. (PRoR) लगानी गर्ने संचालक समितिको निर्णय अनुमोदन गर्ने ।

ख. हकप्रद सेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न कम्पनी संचालन समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग. कम्पनीको पूँजी वृद्धि गर्ने ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## साधारण सभा सम्बन्धी थप जानकारी

१) शेयरधनी महानुभावहरुले साधारण सभामा भाग लिन आउँदा आफ्नो शेयर प्रमाणपत्र वा हितग्राही खाता नं. (BOID) वा आफ्नो परिचयपत्र स्पष्ट हुने फोटो सहितको कुनै परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ। परिचय खुल्ने कागजात नदेखाई सभामा भाग लिन पाईने छैन ।

२) शेयरधनीहरुको दरखास्तको लागि शेयरधनि उपस्थिति विहान १०:०० बजे बाट खुल्ला गरिनेछ।

३) नवौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८० बैशाख ०७ गते बिहिवार संस्थाको शेयरधनी दर्ता किताब बन्द रहनेछ। मिति २०८० बैशाख ०६ गते बुधवार सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोबार भई प्रचलित कानून बमोजिम संस्थाको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौंबाट प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरु मात्र वार्षिक साधारण सभामा भाग लिन योग्य हुनेछन्।

४) कुनै शेयरधनी साधारण सभामा स्वयं उपस्थित हुन नसक्ने भै साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी फारम) भरी सभा शुरू हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०८०/०१/१४ गते बिहान १०:३० बजे भित्र संस्थाको केन्द्रीय कार्यालय, बनस्थली १६, काठमाण्डौंमा दर्ता गराई सक्नुपर्नेछ। संस्थाको शेयरधनी बाहेक अरूलाई प्रतिनिधि (प्रोक्सी) दिन पाइने छैन। संस्थाको शेयरधनी बाहेक अरूलाई प्रोक्सी दिएको भए प्रोक्सी बदर हुनेछ। साथै प्रतिनिधि (प्रोक्सी) दिँदा जुन समूहको शेयरधनीहो सोही समुहको शेयरधनीलाई सम्पूर्ण शेयरको प्रतिनिध एउटै व्यक्ति हुने गरी मात्र दिनु पर्नेछ।

५) प्रतिनिधि नियुक्त गरी सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

६) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीको तर्फबाट खटाईएको वा मनोनित गरेको प्रतिनिधिले साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने छ।

७) नाबालक वा अशक्त/विक्षिप्त व्यक्ति शेयरधनीहरुको हकमा यस संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन,मतदान गर्न र प्रतिनिधि (प्रोक्सी) तोक्न पाउनुहुनेछ। तर संरक्षक आफै सञ्चालकमा उम्मेदवार हुन र आफू संरक्षक रहेको शेयरवालाको बाहेक अन्य शेयरवालाको प्रतिनिधित्व गर्न वा प्रोक्सी संकलन गर्न पाउने छैन।

८) वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी आवश्यक भएमा यस संस्थाको केन्द्रीय कार्यालय बनस्थली १६, काठमाण्डौंको टेलिफोन नं.०१-५९०२५२० मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन वा संस्थाको वेव साइट www.ghalemdi.com बाट प्राप्त गर्न सक्नुहुनेछ।